आज मिति २०७९ साल फाल्गुन २३ गते मंगलबार नेपालको संविधानको धारा २१६ अनुसार गठित नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितमा १३ (तेहौं) बैठक बसी निम्न बमोजिमको निर्णय गरीयो।

<u>उपस्थिति</u>

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. प्रमुख प्रशासकीय अधिकृत: श्री शिव प्रसाद लम्साल

४. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

५. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

६. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

७. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

८. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

९. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

१०.वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

११.वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

१२.वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१३.वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१४.वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१५.नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१६.नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१७.नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१८.नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१९.नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

२०.नगर कार्यपालिका सदस्यः श्री शुसिला परियार

२१.नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२२.नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली ........

छलफलका लागि पेश भएका विषयहरु:

१. विभिन्न परिपत्र सम्बन्धमा।

२. आर्थिक वर्ष २०७९/०८० को लागि दोश्रो नगर सभाको पहिलो अधिवेशनबाट स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) कार्यान्वयन गर्ने सम्बन्धमा।

३. स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन प्रणाली (एलआईएसए), स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन (एफआरए) र स्थानीय अनुकुलन कार्ययोजनाको अभिमुखीकरण कार्यक्रम संचालन गर्ने सम्बन्धमा।

४. वडा स्तरीय बालमैत्री समिति र बाल संरक्षण समिति पुनर्गठन गर्ने सम्बन्धमा।

५. श्यामपाटी-काउसे-आरुबारीचौर-पुजारीटापु हुँदै नौबिसे सडकको हाल सम्मको प्रगति सम्बन्धमा।

६. वि.पि राजमार्ग अन्तर्गत बुच्चाकोट-भकुण्डे-नौबिसे-चौकीडाँडा-कटुन्जे क्षेत्रको सडक नाप नक्सांकनको हाल सम्मको प्रगति सम्बन्धमा।

७. विविध।

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।

२. आर्थिक वर्ष २०८०/०८१ को लागि बागमती प्रदेश सरकारलाई पठाउने समपुरक तथा विशेष अनुदानका योजनाहरुको सम्बन्धमा।

३. बालमैत्री नगरपालिका घोषणा गर्ने सम्बन्धमा।

४. बालमैत्री सहजकर्ता नियुक्ति गर्ने सम्बन्धमा।

५. जग्गा लिजमा लिने सम्बन्धमा।

६. विविध।

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

निर्णय नम्बर २:

बागमती प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको प.सं. १३/२०७९/०८०, च.नं. ४३७, मिति २०७९/१०/०३ गतेको पत्रानुसार आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि समपुरक तथा विशेष अनुदानको प्रस्ताव माग भए बमोजिम यस नगरपालिकाको वार्षिक नगर विकास योजनामा

समावेश गरी नियमानुसार आवश्यक बजेट विनियोजनका साथै कार्यान्वयन गर्ने प्रतिबद्धता गर्दै यस नगरपालिकाबाट तपशिल बमोजिमका आयोजना/कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने।

तपशिलः

क. समपुरक अनुदान तर्फः

| क्र.म. | आयोजना/कार्यक्रमको नाम | कार्यान्वयन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १ | जयटार-जनक मा.वि.-चुवाने सडक क्रमागत | वडा नम्बर ०४ | |
| २ | कानपुर डाँडागाउँ हुँदै वि.पि. राजमार्ग जोड्ने सडक क्रमागत | वडा नम्बर ०५ | |
| ३ | दलसिंगे-एसेलुचौर-दाप्चा सडक | वडा नम्बर १० | |
| ४ | श्यामपाटी-कुरूगाउँ-वडा कार्यालय सडक | वडा नम्बर ११ | |
| ५ | भकुण्डेबेशी-आरुबारीचौर-तल्लो हटिया-दाप्चा सडक | वडा नम्बर ०८ | |

ख. विशेष अनुदान तर्फः

| क्र.म. | आयोजना/कार्यक्रमको नाम | कार्यान्वयन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १ | फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण | नगर स्तरीय | |
| २ | उर्जा किफायती अन्न भण्डारण तथा प्रशोधन प्रविधिको उपयोग, व्यवसायिक तरकारी तथा फलफुल खेतीको लागि बजार प्रवर्द्धन कार्यक्रम | नगर स्तरीय | |
| ३ | विपद् आपतकालीन संचालन केन्द्र स्थापना | नगर स्तरीय | |

निर्णय नम्बर ३:

यस नमोबुद्ध नगरपालिकालाई बालमैत्री नगरपालिका बनाउने उदेश्य अनुरुप मिति २०७९/११/१७ गते देखि मिति २०७९/११/२० गते सम्म नगर प्रमुखज्युको नेतृत्वमा नेपालको पहिलो बालमैत्री नगरपालिका सुनवल नगरपालिकाको अध्ययन अवलोकन भ्रमण सम्पन्न भएको हुँदा सोही अनुसार यस नामोबुद्ध नगरपालिकालाई बालमैत्री नगरपालिका बनाउनको लागि बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ अनुसारका सम्पूर्ण सूचक पूरा गर्ने गरी सोसँग सम्बन्धित सम्पूर्ण कृयाकलाप संचालन र बजेट व्यवस्थापन लगायतका कार्य गर्न बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन सहजीकरण समितिलाई अधिकार दिने र सो समितिले गरेका निर्णयहरुलाई कार्यपालिकाबाट अनुमोदन गर्ने।

निर्णय नम्बर ४:

यस नमोबुद्ध नगरपालिकालाई बालमैत्री नगरपालिका बनाउने उदेश्य अनुरुप थप जनशक्तिको आवश्यक भएको हुँदा बालमैत्री सहजकर्ता (सहायक चौथो) तह अनुसारको सेवा सुविधा उपलब्ध गराउने गरी तत्काल सूचना प्रकाशन गरी करारमा नियुक्ति गर्ने प्रकृया नियमानुसार अगाडी बढाउने।

निर्णय नम्बर ५:

काभ्रेपलाञ्चोक जिल्ला नमोबुद्ध नगरपालिका वडा नम्बर ०३ दाहालचौर (साविक मेथिनकोट गा.वि.स. वडा नम्बर ०३) स्थित सिट नम्बर १५७-१५७४, कित्ता नम्बर ६४६ को ७५ रोपनी १४ आना ० पैसा २ दाम (७५-१४-०-२) सार्वजनिक (गौचर) जग्गामा नगरपालिकाले विभिन्न आवश्यक पूर्वाधार निर्माण गर्नुपर्ने भएकोले सो जग्गामा पूर्वाधारहरु बनाउन सहजताको लागि नगरपालिकाले उपयोग गर्न वा लिजमा लिन आवश्यक भएको हुँदा सो जग्गा नगरपालिकाले उपयोग गर्न वा दीर्घकालीन समयका लागि लिजमा उपलब्ध गराउनको लागि जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोक र सम्बन्धित निकायमा पत्राचार सहित अनुरोध गर्ने।